## मूल्याँकनका लागि अनुरोध गर्ने

**651-430-6422**

**मा कल गर्नुहोस**

विकल्प १ रोज्नुहोस्

अथवा

**अनलाइन अनुरोध गर्नुहोस्**

निम्न साइट हेर्नुहोस्

WashingtonCountyMN.gov/MnCHOICESReferral

- कृपया आफू वा आफ्ना आवश्यकताहरूबारे जानकारी आदानप्रदान गर्नुहोस्। त्यसपछि हामी सम्भावित कार्यक्रम तथा श्रोतहरूबारे सविस्तार जानकारी गराउनेछौँ ताकि यहाँलाई मूल्याँकन गर्न पर्ने निर्णय लिनुअघि विचार गर्न मिलोस्।
- निःशुल्क मूल्याँकन पूरा गर्नका लागि यहाँलाई एक प्रमाणित MnCHOICES मूल्याँकनकर्ताले भेट्नेछन्।
- MnCHOICES मूल्याँकन भनेको आफ्ना लक्षहरूबारे कुराकानी गर्ने तथा आफूले चाहेको र आवश्यक पर्ने सहयोगको पहिचान गर्ने अवसर हो।

## मूल्याँकनपश्चात

यहाँको मूल्याँकनकर्ताले यहाँसँग विकल्प तथा श्रोतहरूका साथै आगामी पाइलाहरूबारे छलफल गर्नेछन्।

यहाँलाई सेवा तथा सहयोगका विकल्पहरूबारे एउटा लिखित साराँश प्राप्त हुनेछ।

## थप श्रोतहरू

**Washington County Crisis Response Unit** | 651-275-7400
यसले मानसिक स्वास्थ्यसम्बन्धी संकटबाट ग्रसित बालिग तथा बालबालिकालाई २४/७/३६५ अवधिभरि मानसिक स्वास्थ्यसम्बन्धी सेवा प्रदान गर्दछ।

**Washington County Economic Support** | 651-430-6459
यसले खाना, औषधि, नगद तथा आपात्कालिन आर्थिक सहयोग प्रदान गर्दछ।

**Disability Hub** | 1-866-333-2466
असक्षमता भएका व्यक्तिहरूका लागि दिइने यस निःशुल्क सेवाले स्वास्थ्य व्यवस्थापन गर्नका लागि श्रोतहरूका साथै लाभहरू, आवास तथा अन्य कुराहरू प्रदान गर्दछ।

**Senior Linkage Line** | 1-800-333-2433
यसले पाका बालिगहरू तथा तिनका परिवारहरूलाई जोड्ने गरी आवश्यक पर्ने सहयोगसम्बन्धी निःशुल्क सेवा प्रदान गर्दछ।

**Washington County Navigators** | 651-430-6895
विशिष्टीकृत कर्मचारीहरूले यहाँ र यहाँको परिवारलाई सेवाहरूमा पहुँच गर्न मद्दत पुऱ्याउँछन्।

**Washington County Veterans Service Office** | 651-430-6895
यसले भूतपूर्व सैनिकहरू तथा तिनमाथि निर्भर व्यक्तिहरूलाई राज्य तथा संघीय (केन्द्रीय) तहबाट प्राप्त हुने भूतपूर्व सैनिकसम्बन्धी लाभहरू प्रदान गर्दछ।

Washington County


**Access, Aging & Disability Services**
14949 62nd St. N., P.O. Box 30
Stillwater, MN 55082-0030


WCCS-70000-115-NEP (3-25)

Washington County COMMUNITY SERVICES





पहुँच, बुढ्यौली तथा असक्षमतासम्बन्धी सेवाहरू

# असक्षमता भएका तथा वृद्ध वयस्कहरूका लागि सहयोग

**मूल्याँकनका लागि अनुरोध गर्नः**

**651-430-6422**

**विकल्प १**

**अथवा**

WashingtonCountyMN.gov/MnCHOICESReferral

# उपलब्ध सेवाहरू

## चिकित्सकीय सहयोग उपयोग गरिरहेका असक्षमता भएका व्यक्ति अथवा पाका बालिगहरू

**समुदाय प्रथम भन्ने सेवा तथा सहयोगहरू (CFSS)**
यो मिनेसोटास्थित स्वास्थ्य स्याहारसम्बन्धी कार्यक्रम हो। यसले व्यक्तिहरूका विशिष्ट आवश्यकताहरू समावेश हुने गरी लचिला विकल्पहरू प्रदान गर्दछ। यसबाट तिनलाई आ-आफ्ना घरमा अधिकतर स्वतन्त्रता कायम गर्न सहयोग पुग्दछ। यी विकल्पअन्तरगत व्यक्तिगत स्याहार, स्वास्थ्य-सम्बन्धी आवश्यकताहरू, दैनिक जीवनसम्बन्धी सहयोग तथा व्यवहारसम्बन्धी आवश्यकताका लागि सहयोग पर्दछन्।

## चिकित्सकीय सहयोग उपयोग गरिरहेका असक्षमता भएका व्यक्ति अथवा पाका बालिगहरूका लागि केस व्यवस्थापन तथा सेवाहरू

यी सेवाहरूले व्यक्तिलाई आफ्नो घर तथा समुदायमा सक्दो स्वतन्त्र भई बाँच्न बस्न सघाउनुका साथै अधिकतम स्वास्थ्य, सुरक्षा तथा सामुदायिक संघटन (एकीकरण)लाई प्रवर्द्धन गर्दछन्।

- **मस्तिष्काघात (BI) सम्बन्धी छूट**
  उक्त छूट जन्मदेखि नै अथवा आघातले भइआएको मस्तिष्काघात भएका बालबालिका तथा बालिगहरूका लागि हो जसलाई अन्यथा कुनै नर्सिङ्ग केन्द्र अथवा अस्पतालमा प्रदान गरिने स्तरको स्याहारको खाँचो पर्छ।

- **सामुदायिक वैकल्पिक स्याहार (CAC) सम्बन्धी छूट**
  उक्त छूट असाध्य रोग लागेका अथवा चिकित्सकीय रूपमा दुर्बल बालबालिका तथा बालिगहरूका लागि हो जसलाई अन्यथा अस्पतालको स्याहारको खाँचो पर्छ।

- **असमता भएका व्यक्ति समाविष्ट गर्नका लागि सामुदायिक विकल्पहरू (CADI) सम्बन्धी छूट**
  उक्त छूट त्यस्ता बालबालिका तथा बालिगहरूका लागि हो जसलाई कुनै नर्सिङ्ग केन्द्रमा प्रदान गरिने स्तरको स्याहारको खाँचो पर्छ।

- **विकासात्मक असक्षमता भएकाका लागि (DD) छूट**
  उक्त छूट नियम १८५ मा प्रदत्त केस व्यवस्थापन (बौद्धिक/विकासात्मक असक्षमता भएकालाई दिइने सेवाहरू) का लागि योग्य बालबालिका तथा बालिगहरूका लागि हो जसलाई अन्यथा बौद्धिक असक्षमता भएका व्यक्तिहरूलाई प्रदान गर्ने मध्यमस्तरीय स्याहार केन्द्रस्तरको स्याहारको खाँचो पर्छ।

- **ज्येष्ठ नागरिक (EW) सम्बन्धी छूट**
  उक्त छूट ६५ वर्ष नाघेका व्यक्तिहरूका लागि हो जो आफ्नो घर वा समुदायमा बस्न चाहन्छन् र जसलाई अन्यथा कुनै नर्सिङ्ग केन्द्रमा प्रदान गरिने स्तरको स्याहारको खाँचो पर्छ।



## असक्षमता भएका व्यक्ति अथवा पाका बालिगहरूका लागि अन्य सेवाहरू

**वैकल्पिक स्याहार (AC)**

- उक्त छूट ६५ वर्ष नाघेका व्यक्तिहरूका लागि हो जसलाई व्यक्तिगत स्याहार तथा दैनिक कार्यहरूमा सहयोगको खाँचो पर्छ। यो लागत साझा बेहोर्ने कार्यक्रम हो जसअन्तरगत केस व्यवस्थापन पर्दछ।

- **आवश्यक सामुदायिक सहयोगहरू (ECS)**
  यो ६५ वर्ष नाघेका र आफ्नो स्वास्थ्य तथा सुरक्षासम्बन्धी आवश्यकताहरू व्यवस्था गर्न सक्ने व्यक्तिहरूका लागि सीमित सेवाहरू समेटेको सूचि हो। यस कार्यक्रमभित्र केस व्यवस्थापन पर्दछ।

- **पारिवारिक सहयोग अनुदान (FSG)**
  यसअन्तरगत असक्षमता भई आफ्नो पारिवारिक घरमा बस्ने २५ वर्ष मुनिका व्यक्तिहरूका लागि दिइने नगद अनुदान (ग्रान्ट) हरू पर्दछन्। *यसमा MnCHOICES को आवश्यकता पर्दैन।*

  651-430-6455 मा कल गर्नुहोस् अथवा निम्न ठेगानामा ईमेल गर्नुहोस्: ComSvsFamilySupportGrant@washingtoncountymn.gov

- **बौद्धिक/विकासात्मक असक्षमतासम्बन्धी केस व्यवस्थापन (IDD सेवाहरू/नियम १८५)**
  यसले बौद्धिक अथवा विकासात्मक असक्षमता भएका व्यक्तिहरूलाई सहयोगका लागि आवश्यक पर्ने ?ोत तथा सेवाहरूको मूल्याँकन गर्न सहयोग गर्दछ।

- **अर्द्ध-आत्मनिर्भर जीवनयापनसम्बन्धी सेवाहरू (SILS)**
  यी सेवाहरू बौद्धिक अथवा विकासात्मक असक्षमता भएका व्यक्तिहरूमा आत्मनिर्भर जीवनयापनसम्बन्धी शीपहरू विकास गर्नका लागि प्रदान गरिन्छन्।

  *त्यसका लागि व्यक्ति IDD सेवा/नियम १८५ अन्तरगतको केस व्यवस्थापनका लागि योग्य हुनु पर्छ।*

**कार्यक्रमका लागि योग्य हुन सेवाजन्य तथा आर्थिक आवश्यकताहरू परिपूर्ति गर्न सक्षम हुनु पर्छ। केही आयमूलक तथा सम्पतिसम्बन्धी आवश्यकताहरू लागू हुन सक्छन्।**